# विद्यालय संमायोजन तथा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०८२

नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८३।०१।२१

प्रमाणीकरण मितिः२०८३।०१।२२

कृष्णनगर नगरपालिका

लुम्बिनी प्रदेश, कपिलवस्तु

२०८२

# विद्यालय समायोजन तथा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०८२

**प्रस्तावनाः**

कृष्णनगर नगरपालिका क्षेत्रभित्र सबै सामुदायिक विद्यालयहरुमा रहेको शिक्षक विद्यार्थी संख्याको गणितिय अनुपात बमोजिम विद्यालयमा शिक्षकको व्यवस्था गर्न, विषयगत र तहगतरुपमा शिक्षक मिलान गर्न र दुई वा दुईभन्दा बढी विद्यालयहरूलाई एउटा विद्यालयमा गाभी विद्यालय समायोजन एवं एकीकरण गर्न कृष्णनगर नगरपालिकाको नगर कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद ३ को दफा ११ को (ज) ११ र १२ मा भएको व्यवस्थालाई सरल सहज र पारदर्शी ढङ्गबाट कार्यान्वयन गर्न नगर शिक्षा ऐन, २०७९ को दफा २१(१) ले दिएको अधिकार प्रयोग गरी कृष्णनगर नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद– १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) विद्यालय समायोजन तथा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०८२ रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(ग) यो कार्यबिधी कृष्णनगर नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ख) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ (संशोधन सहित) सम्झनु पर्दछ ।

(घ) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधन सहित) सम्झनु पर्दछ ।

(ङ) "नगर शिक्षा ऐन" भन्नाले कृष्णनगर नगरपालिकाको शिक्षा ऐन, २०७९ सम्झनु पर्छ ।



प्रमुख प्रशासकीय अधिकृत

(च) "नगर शिक्षा नियमवाली" भन्नाले कृष्णनगर नगरपालिकाको शिक्षा नियमावलीलाई सम्झनु पर्छ ।

(छ) "दरबन्दी" भन्नाले सामुदायिक तथा सामुदायिक धार्मिक विद्यालयमा स्वीकृत दरबन्दीमा रहेका स्थायी,आस्थायी, राहत अनुदान,करार, संघीय शिक्षण सहयोग अनुदान, नगरपालिकाको नगर स्वयंसेवक शिक्षक र स्थानीय शिक्षण सहयोग अनुदानका शिक्षक पदलाई सम्झनु पर्छ ।सो शब्दले विद्यालय र सामुदायमा आधारित बालविकास सहजकर्तालाई समेत जनाउँदछ।

(ज) "विद्यालय समायोजन एवं एकीकरण" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ज) अनुसार दुई वा दुई भन्दा वढी विद्यालयहरू एक आपसमा गाँभ्ने वा एक आपसमा गाभी नयाँ विद्यालय स्थापना गर्ने वा नमाकरण गर्ने वा स्थान्तरण गर्ने वा विद्यालयको तह वा कक्षा घटाउने बढाउने वा विद्यालय बन्द गर्ने समेतको कार्यलाई जनाउँछ ।

(झ) "दरबन्दी मिलान" भन्नाले विद्यालयहरुमा रहेको विद्यमान दरबन्दीलाई विद्यार्थी संख्याको अनुपातमा विद्यालय सञ्चालित तह र विषय अनुसार विद्यालयहरुमा दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने कार्यलाई सम्झनु पर्दछ।साथै सो शब्दले विद्यालयको आवश्यकता र औचित्यका आधारमा तहगत र विषयगत रुपमा शिक्षकलाई मिलान गरी स्थानन्तरण गर्ने कार्यलाई समेत जनाउँछ ।

(ञ) "नगरपालिका" भन्नाले कृष्णनगर नगरपालिकालाई सम्झनु पर्दछ ।

(ट) "नगर शिक्षा समिति" भन्नाले कृष्णनगर नगरपालिकाको शिक्षा ऐन, २०७९ बमोजिम गठित शिक्षा समितिलाई सम्झनु पर्दछ ।

(ठ) "प्रमुख" भन्नाले कृष्णनगर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ड) "कार्यपालिका" भन्नाले कृष्णनगर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ढ) "शाखा" भन्नाले कृष्णनगर नगरपालिकाको शिक्षा,युवा तथा खेलकूद शाखालाई सम्झनु पर्दछ ।

(ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कृष्णनगर प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(त) "नगर शिक्षा अधिकारी" भन्नाले कृष्णनगर शिक्षा,युवा तथा खेलकूद शाखाको प्रमुख भई काम गर्ने अधिकृतस्तरको कर्मचारीलाई सम्झनु पर्दछ ।

(थ) "सामुदायिक विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृती लिई सञ्चालनमा रहेको सामुदायिक तथा सामुदायिक धार्मिकलाई सम्झनु पर्दछ ।



प्रमुख प्रशासकीय अधिकृत

(द)"तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधी अन्तर्गत बनेको नियम वा कार्यबिधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद–२
## विवरण अधावधिक

**३. विद्यालय समायोजन तथा दरबन्दी मिलानका लागि विवरण अधावधिक गर्ने:**

**१. विद्यालय समायोजनको विवरण अधावधिक :**

क) विद्यालयको तहगत विवरण, विद्यालय आवतजावत गर्न लाग्ने समय, विद्यार्थी संख्या, विद्यालय सञ्चालन तथा व्यवस्थापनको अवस्थाको बारेमा लगत राख्नुपर्ने ।

**२. दरबन्दी मिलानको विवरण अधावधिक :**

क) बिद्यालयको कक्षागत विद्यार्थी तथा कार्यरत शिक्षकहरुको विवरण अधावधिक गर्नुपर्ने छ।

ख) विवरण संकलन गर्दा कक्षागत तथा तहगत विद्यार्थी संख्या र विद्यालयमा स्वीकृत दरबन्दी तथा राहत अनुदान लगायत सरकारी अनुदानबाट तलब भत्ता खाने गरी शिक्षक छनोट प्रक्रिया पुरा गरी आएका हाल कार्यरत स्थायी, अस्थायी, करार, राहत अनुदान तथा नगर स्वयंसेवक र नगर शिक्षण सहयोग अनुदान शिक्षक,विद्यालय र समुदायमा आधारित बालविकास सहकर्ताहरूको विवरण अभिलेख राख्नुपर्नेछ ।

ग) अवधि तोकी काजमा रहेका शिक्षकहरुको हकमा जुन विद्यालयबाट तलब भत्ता पाउँदछन् सोही विद्यालयको शिक्षकको रुपमा गणना गर्नुपर्नेछ।

**३. बिद्यालय गत शिक्षक विद्यार्थी अनुपात :**

क) बिद्यालयगत शिक्षक बिद्यार्थी अनुपात निकाल्दा पचास जना विद्यार्थी बराबर एक जना शिक्षक मानि अनुपात निकाल्नु पर्नेछ ।

४. विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्य समयः नयाँ शैक्षिक शत्र सुरु हुन भन्दा कम्तिमा ३० दिन आगावै,

तर प्रथम पटकका लागि यस कार्यविधी बमोजिम विद्यालय समायोजन तथा दरबन्दी मिलान तथा व्यवस्थापन कार्य गर्न बाधा पुग्ने छैन।



प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-३

### विद्यालय समायोजन, कक्षा तथा तह थप/घटका आधारहरु

**५. विद्यालय समायोजनका आधारहरु :**

(१) यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालय मध्ये एक विद्यालय अर्को विद्यालयको पैदल मार्ग ३० मिनेट वा २ किलोमिटर दूरीमा रहेर सीमित जनसङ्ख्यालाई सेवा पुर्याएका तर आधारभूत विद्यालय (कक्षा १–३ वा १–५ वा १–८) विद्यालयका रूपमा सञ्चालन गर्नका लागि न्यूनतम आधारहरू पनि पुरा हुन नसक्ने विद्यालयलाई नजिकको विद्यालयसँग गाभी सञ्चालनमा ल्याईनेछ ।

(२) माध्यमिक तह (कक्षा १–१० वा १–१२) सञ्चालनमा रहेका विद्यालयहरूका लागि पनि यो व्यवस्था लागू हुनेछ ।

(३) विद्यालय समायोजन र दरबन्दी मिलानका लागि आवश्यक सहयोग जुटाउन नगरपालिकाले सम्बन्धित निकायहरूसंग समन्वय र सहकार्य गर्नेछ ।

(४) नगरपालिकाबाट विद्यालय समायोजन र दरबन्दी मिलानका कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा उपलब्धिको समीक्षा गरी आगामी कार्यक्रमलाई मार्ग निर्देशन गर्न सक्नेछ ।

(५) कुनै विद्यालयमा (प्राविधिक धार बाहेक) देहायको विद्यार्थी सङ्ख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी सङ्ख्या पुग्ने पर्याप्त आधार नदेखिएमा ।

| क्र.सं. | कक्षा | न्यूनतम् विद्यार्थी संख्या |
|---|---|---|
| १ | बालविकास केन्द्र | १५ |
| २ | १–३ | ६० |
| ३ | १–५ | १०० |
| ४ | ६–८ | ५० |
| ५ | ९–१० | २५ |
| ६ | ११–१२ | २५ |

तर नजिकको दूरीमा अन्य विद्यालय नभएको तथा अलग्गै वस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालय र दुरी आधा घण्टा भन्दा कम भएको तर न्यूनतम विद्यार्थी संख्या पुगेमा विद्यालय गाभ्न बाध्य पारिने छैन ।

(६) नजिकको दूरीमा रहेका र आपसमा गाभीएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सोभन्दा बढी विद्यालय ।



प्रमुख प्रशासकीय अधिकृत

(७) जनसङ्ख्या वृद्धि दर कम भएको, जनसङ्ख्या वृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसङ्ख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई वा सोभन्दा बढी विद्यालयहरू ।

(८) भौगोलिक रूपले विकटता नभएको अवस्था ।

(९) दुई वा दुई भन्दा वढी विद्यालय गाभी नयाँ विद्यालय स्थापना गर्न, ठाउँ परिवर्तन गर्न वा तह तथा कक्षा घटाउनका लागि विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यदलको राय अनुसार नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले तोकिएको स्थानमा विद्यालय स्थापना वा कक्षा तथा तह घटाउने कार्य गर्नेछ ।

(१०) विद्यालय गाँभिए पछि कायम भएको विद्यालयको नाममा गाँभिने विद्यालयको सबै अचल सम्पत्ति दाखिला खारेज गरी नयाँ कायम हुने विद्यालयको वा नगरपालिकाको नाममा कायम गर्नका लागि नगर कार्यपालिकाको सिफारिसमा मालपोत कार्यालयमा पठाउनु पर्नेछ । सम्बन्धित विद्यालयको चल संम्पत्तिको हकमा विद्यालयको अन्तिम लेखापरीक्षण प्रतिवेदन सहित गाँभिने विद्यालयको नाममा हस्तान्तरण गरिनेछ ।

(११) खण्ड (१०) बमोजिम सम्पत्ति दाखिला खारेज भएको बेहोराको जानकारी नगरपालिकाले मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र समेतलाई जानकारी दिनु पर्नेछ ।

(१२) एक भन्दा बढी प्रारम्भिक बालविकास केन्द्र भएका विद्यालय र हाल समुदायमा सञ्चालनमा रहेका कनिष्ठ बालविकास केन्द्र नजिकको बालविकास केन्द्र नभएको विद्यालयमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले गाभ्न सक्नेछ । गाँभिएको बालविकास केन्द्रमा काम गर्ने प्रारम्भिक बालविकास शिक्षक स्वतः समायोजन हुने गरी व्यवस्थापन गरिने छ ।

(१३) नगरपालिकाभित्र सञ्चालित दुई वा दुई भन्दा बढी संस्थागत विद्यालयहरुले विद्यालय गाभ्नका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिस सहित माग भई आएमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले त्यस्ता विद्यालयहरुलाई गाभ्न सक्नेछ ।

(१४) उपदफा (१३) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाभित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले नगर शिक्षा नियमांवलीले निर्धारण गरेको न्यूनतम पूर्वाधार पूरा नगरेमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयहरुको स्थलगत अनुगमन गरी नियमानुसार न्यूनतम पूर्वाधार भएको नपाइएमा पहिलोपटक सचेत गराउने र सो अनुसार पुन नपाइएको खण्डमा नियमानुसार गाभ्न वा बन्द गर्नका लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

(१५) संस्थागत विद्यालयहरुले साविकको जिल्ला शिक्षा कार्यालय वा नगरपालिकाबाट प्राप्त अनुमति अनुसारको तह वा कक्षा सञ्चालन गरेको नपाईएमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले त्यस्ता विद्यालयको सञ्चालनमा नआएको तह वा कक्षा घटाउन सक्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-४
## दरवन्दी मिलान तथा शिक्षक व्यवस्थापनका आधारहरु

६. दरबन्दी मिलानका आधारहरुः

१) दरबन्दी मिलानका लागि चालु शैक्षिक वर्षमा IEMIS मा प्रविष्ट विद्यार्थी संख्या र विद्यालयको स्थलगत अनुगमनबाट प्राप्त विद्यार्थी संख्याको एकीन गरी सोही संख्याको आधारमा कक्षागत विवरण तयार गरी उक्त तथ्याङ्कलाई दरबन्दी मिलानमा प्रयोग गर्ने ।

२) विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी/करार, राहत अनुदान, शिक्षण सहंयोग अनुदान (संघीय), नगर स्वयंसेवक, नगर अनुदान शिक्षकको संख्यात्मक विवरण तयार गरी दरबन्दी मिलानको लागि तथ्याङ्क अद्यावधिक गर्ने ।

३) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत वार्षिक एकमुष्ठ अनुदान प्राप्त गर्ने विद्यालय र परम्परागत (मदरसा र गुरुकुल) विद्यालयको रुपमा अनुमति लिई सोही बमोजिमको धार्मिक अनुदान प्राप्त गर्ने विद्यालयमा दरबन्दी थप हुने छैन ।

४) शिक्षक विद्यार्थी अनुपातमा विद्यार्थी संङ्ख्या कम भएका विद्यालयका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलानका देहायका आधारहरु लिईनेछ ।

(क) दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाँभिएमा ।

(ख) शिक्षक विद्यार्थी अनुपात तपसीलको भन्दा कम भएमा ।

| क्र.सं. | कक्षा | न्यूनतम शिक्षक संख्या | कैफियत |
|---|---|---|---|
| १ | बालविकास केन्द्र | १ | |
| २ | १–३ | २ | |
| ३ | १–५ | ३ | |
| ४ | ६–८ | ४ | अनिवार्य विषयको |
| ५ | ९–१० | ५ | अनिवार्य विषयको |
| ६ | ९–१२ | ७ | अनिवार्य विषयको |

(ग) यस कार्यविधिमा उल्लेखित न्यूनतम शिक्षक दरबन्दी संख्या भन्दा बढी भएका विद्यालयमा शिक्षक विद्यार्थी अनुपात देहाय बमोजिम भएमा तहगत वा विषयगत रुपमा कनिष्ठताका (नियुक्ति) आधारमा नगरपालिका अन्तर्गतको विद्यालयमा दरबन्दी सहित शिक्षकलाई व्यवस्थापन गरिनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | कक्षा | शिक्षक विद्यार्थी अनुपात | न्यूनतम कायम हुने दरबन्दी/अनुदान संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | बालविकास केन्द्र | १:२० | १ | |
| २ | १–३ | १:३० | २ | १०० जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी वितरण नगर्ने |
| ३ | १–५ | १:३० | ३ | २०० जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी वितरण नगर्ने |
| ४ | १-८ | (६-८) १:५० | प्राथमिक ३ र नि.मा ४ | ३५० जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी व्यवस्थापन नगर्ने |
| ५ | १–१० | (९-१०) १:५० | प्राथमिक ३, निम्न माध्यमिक ४ र माध्यमिक ५ | ४५० जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी व्यवस्थापन नहुने । |
| ६ | ११–१२ | १:५० | २ | |

(घ) आधारभूत तह (६-८) र माध्यमिक तह (९-१०) सञ्चालित विद्यालयमा तोकिएको विद्यार्थी संख्या नपुगे पनि न्यूनतम नियमावलीमा व्यवस्था भए बमोजिम तहगत हुनुपर्ने अनिवार्य विषयको निम्न माध्यमिक तहमा ४ र माध्यमिक तहमा ५ संख्यामा रहेको दरबन्दी कटौती गरिने छैन ।दरबन्दी थप गर्दा न्यूनतम दरबन्दीलाई यथावत् राख्दै तोकिएको विद्यार्थी संख्या भन्दा बढी भएमा दरबन्दी थप र कम भएमा कटौती गर्न सकिनेछ ।

(ङ) कुनै पनि प्रकारको दरबन्दी नभएका तर न्यूनतम विद्यार्थी संख्या भई सञ्चालनमा आईरहेका विद्यालयहरुमा दरबन्दी मिलानका क्रममा शिक्षक व्यवस्थापनमा प्राथमिकतामा राखिनेछ ।

(च) शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयमा कार्यरत तहमा तोकिएको भन्दा माथिल्लो तहको योग्यता भएको शिक्षकलाई माथिल्लो कक्षा सञ्चालन भएको अन्य विद्यालयमा तहगत वा विषयगत रुपमा शिक्षक व्यवस्थापन हुने गरी दरबन्दी मिलान गरिने छ ।

(छ) शिक्षा नियमावली अनुसार योग्यता भएका शिक्षकलाई प्रधानाध्यापकको रुपमा व्यवस्थापन गरिनेछ ।

(ज) शिक्षक दरबन्दी मिलान कार्यदलले विद्यार्थी संख्या र मौजुदा दरबन्दी विवरण, कार्यरत शिक्षकको शैक्षिक योग्यता यकिन गरी दरबन्दी थप र कटौतीको थप आधार तय गर्न सक्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

(झ) आवश्यकता र औचित्यताका आधारमा तह, विषय र योग्यता पुगेको शिक्षकको हकमा र न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो तहको शैक्षिक योग्यता भएका शिक्षकलाई माथिल्लो कक्षा सञ्चालन भएको अन्य विद्यालयमा नगर शिक्षा समितिको निर्णयानुसार स्थानान्तरण गरिनेछ ।

**७. शिक्षक व्यवस्थापनका आधारहरु :** दरबन्दी मिलान तथा समायोजन गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थानान्तरण र समायोजन गरिनेछ ।

क) खुद पुलमा रहेको तहको दरबन्दी मिलान तथा समायोजन गर्दा सम्भव भएसम्म रिक्त रहेको नगर अनुदान र नगर स्वयंसेवक अनुदान कोटालाई स्थानान्तरण तथा समायोजन गर्ने,

ख) खुद पुलमा रहेको तहको दरबन्दी मिलान तथा समायोजन गर्दा सम्भव भएसम्म रिक्त रहेको राहत अनुदानलाई स्थानान्तरण तथा समायोजन गर्ने,

ग) खुद पुलमा रहेको तहको दरबन्दी मिलान तथा समायोजन गर्दा सम्भव भएसम्म रिक्त रहेको स्वीकृत दरबन्दीलाई स्थानान्तरण तथा समायोजन गर्ने,

घ) स्वेच्छिक रुपमा जान चाहने शिक्षकको लागि निवेदन आव्हान गरी प्राप्त अनुसूची-१ बमोजिमको निवेदनको छानविन गरी निजले लिएको नियुक्ति मितिको आधार लिई कनिष्ठताको आधारमा उपयुक्तता समेत हेरी शिक्षकको शैक्षिक योग्यता र विद्यालयको विषयगत दरबन्दीको आवश्यकताका आधारमा स्थानान्तरण तथा समायोजन गर्ने,

ङ) नगर अनुदान तथा नगर स्वयंसेवक शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण तथा समायोजन गर्ने ।

च) स्वीकृत दरबन्दीमा अस्थायी/करारमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण तथा समायोजन गर्ने ।

छ) राहत अनुदानमा कार्यरत शिक्षकलाई निजको नियुक्ति मितिलाई आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण तथा समायोजन गर्ने ।

ज) स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकको हकमा सम्बन्धित तह र श्रेणीको नियुक्ति मितिको आधार लिई कनिष्ठताका आधारमा स्थानान्तरण तथा समायोजन गर्ने र नियुक्ति मिति समान भएमा देहायको आधार लिने ।

अ) खण्ड (ज) बमोजिम कनिष्ठता नछुट्टिए सो भन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिलाई आधार लिने,



प्रमुख प्रशासकीय अधिकृत

आ) उपखण्ड (अ) बाट समेत कनिष्ठता नछुट्टिए सम्बन्धित तह र श्रेणीको अस्थायी नियुक्तिको मितिलाई आधार लिने,

इ) खण्ड (ज), उपखण्ड (अ) र (आ) बाट समेत कनिष्ठता नछुट्टिएमा खण्ड (ज) बमोजिमको निज शिक्षकको कार्यरत सम्बन्धित तह र श्रेणीको नियुक्तिको सिफारिस योग्यताक्रमलाई आधार लिने र सोबाट कनिष्ठता नछुट्टिएमा सम्बन्धित तहको न्यूनतम शैक्षिक योग्यताको प्राप्त प्रतिशत वा ग्रेड प्वाइन्ट र माथिल्लो शैक्षिक योग्यताको प्रतिशत वा ग्रेड प्वाइन्टलाई समेत आधार लिने ।

झ) नगर अनुदान शिक्षक/नगर स्वयंसेवक शिक्षक, स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी/करार शिक्षक र राहत अनुदानमा कार्यरत शिक्षकको हकमा समेत अस्थायी नियुक्ति मिति समान भई कनिष्ठता नछुट्टिएमा खण्ड (ज) को उपखण्ड (इ) आकर्षित हुने ।

ञ) महिला र अपाङ्ग शिक्षकको हकमा सम्बन्धित शिक्षकको सहमति बेगर कनिष्ठतम भएपनि पहिलो चरणमा अन्यत्र नपठाउने तथा त्यस्ता बढी हुन् आउने शिक्षकलाई नगर शिक्षाको पुलमा राख्ने र दोस्रो चरणका लागि रोजाइका आधारमा स्थानान्तरण तथा समायोजनको व्यवस्था गर्ने ।

ट) खण्ड (ज) बमोजिम महिला र अपाङ्ग शिक्षकको हकमा स्थानान्तरण तथा समायोजन गर्दा रोजाइका आधारमा स्थानान्तरण तथा समायोजन गर्दा रोजाइका क्षेत्र एउटै भएमा कनिष्ठताको आधारमा गर्ने र विद्यालय छनौटका लागि निवेदन नदिएमा अर्को विद्यालयलाई पर्न सक्ने शैक्षिक क्षतिलाई मध्यनजर गर्दै स्थानान्तरणलाई बाधा पर्ने छैन ।

ठ) दरबन्दी नभएको बिद्यालयमा मिलान पछि शिक्षक व्यवस्था गर्नु परेमा सरुवा भएकै विद्यालयबाट तलब भत्ता खाने गरि काज सरुवा गर्ने ।

ड) दरबन्दी मिलानको कार्य अवधिमा शिक्षा मन्त्रालय वा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट शिक्षक दरबन्दी मिलान सम्बन्धि कुनै नीति नियम निर्देशन वा कार्यबिधि जारि भएमा सोहि अनुसार गर्ने गराउने ।

**८. दरबन्दी मिलना गर्न र काजमा खटाउन बाधा नपर्ने :**

१) यस कार्यविधिमा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि दरबन्दी मिलान तथा व्यवस्थापन कार्य गर्दा विद्यालय शिक्षा क्षेत्र योजना (SESP) को उद्देश्य (शैक्षिक उपलब्धी वृद्धि तथा शिक्षामा गुणस्तर सुनिश्चितता) हासिल गर्न विद्यालयको आवश्यकता र औचित्यको आधारमा शिक्षा समितिको निर्णयानुसार नगरपालिका भित्र स्वीकृत दरबन्दी, राहत अनुदान, संघीय शिक्षण सहयोग अनुदान तथा स्थानीय तहको दरबन्दी तथा नगर अनुदानमा कार्यरत स्वयम् सेवक शिक्षक,विद्यालय र सामुदायमा आधारित बालविकास कक्षा (संघीय वार्षिक एकमुष्ठ अनुदान प्राप्त गर्ने विद्यालय र धार्मिक अनुदान प्राप्त गर्ने विद्यालय बाहेक)मा कार्यरत विभिन्न



प्रमुख प्रशासकीय अधिकृत

पद,तह,श्रेणी र विषयको शिक्षकलाई नगरपालिका भित्रको एक विद्यालयबाट अर्को विद्यालयमा दरबन्दी सहित वा रिक्त दरबन्दीमा मिलान गर्न र काजमा खटाउन बाधा पुग्ने छैन ।

२) उपदफा १ बमोजिम स्थानन्तरण गर्दा वा काजमा खटाउँदा स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी/करार, राहत अनुदान, शिक्षण सहयोग अनुदान तथा नगर स्वयंसेवक र नगर अनुदान शिक्षक र बालविकास सहजकर्ता को हकमा २ वर्ष वा सो भन्दा बढी र स्थायी शिक्षकको हकम ३ वर्ष वा सो भन्दा बढी एक विद्यालयमा सेवा गरेको शिक्षकलाई मात्र मिलान गर्न वा काजमा खटाइनेछ ।

३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रथम पटकका लागि दरबन्दी मिलान गर्न बाधा पुग्ने छैन ।

**९. विद्यालयको स्तर वृद्धिका लागि हुने समायोजनः** (१) आधारभूत र माध्यमिक विद्यालयका रुपमा हाल सञ्चालनमा रहेका तर स्तर वृद्धि गर्न आवश्यक देखिएका र समायोजनका लागि आधार पूरा नभएका विद्यालयका लागि निम्न लिखित विकल्प छनोट गर्न दिई समायोजन गरिनेछः

(क) कक्षा १–३ सम्म सञ्चालन हुने प्रारम्भिक विद्यालयका रूपमा स्तर वृद्धि गर्ने न्यूनतम आधार पूरा नभएका विद्यालयले समुदाय र स्थानीय निकायसँगको सहकार्यमा नजिकको माध्यमिक वा आधारभूत विद्यालयको मातहत हुने गरी प्रारम्भिक बाल विकास केन्द्रको रुपमा सञ्चालन हुने विकल्प छान्न पाउनेछन् ।

(ख) कक्षा १–५ सम्म सञ्चालन हुने विद्यालयका रुपमा स्तर वृद्धि गर्न आधार पूरा नभएका विद्यालयले कक्षा १–३ सम्मको प्राथमिक विद्यालयका रुपमा सञ्चालनमा रहन पाउनेछन् ।

(ग) कक्षा १–८ सम्म सञ्चालन हुने आधारभूत विद्यालयका रूपमा स्तर वृद्धि भई सञ्चालनमा आउन आधारहरू पूरा नभएका विद्यालयले कक्षा १–५ का रूपमा सञ्चालन हुन पाउनेछन् ।

(घ) कक्षा १–१० सम्म सञ्चालन हुने माध्यमिक विद्यालयको रुपमा स्तरवृद्धि भई सञ्चालनमा आउन आधारहरू पूरा नभएका विद्यालयले आधारभूत विद्यालय (१-८)को रुपमा सञ्चालन हुन पाउने छन् ।

(ङ) कक्षा ११- १२ सम्म अनुमति/स्वीकृति लिई न्यून विद्यार्थी भई आधारभूत भौतिक सुविधा समेत नभएका विद्यालयहरू कक्षा १० सम्म माध्यमिक विद्यालयको रुपमा सञ्चालन हुन पाउने छन् ।

**१०. समायोजन हुने वा गाँभिएका विद्यालयको नामाकरणः** (१) दुई वा दुई भन्दा बढी विद्यालयहरू आपसमा गाभीएर नयाँ ठाउँमा विद्यालय स्थापना हुने भएमा राष्ट्रियता, स्थानीयता र ऐतिहासिकता झल्किने साविकको नाम वा नयाँ नाम राख्न सकिनेछ, तर, नियमावलीको नियम ७१ को विद्यालयको नामाकरण सम्बन्धी ब्यवस्था अनुसार कुनै ब्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नाम राखिएको रहेछ भने ब्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नाम राख्नुपर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

(२) समायोजन हुने वा गाँभिने विद्यालयका सरोकारवाला समुदायले गाँभिएको तथा समायोजन भई सञ्चालनमा नरहेको विद्यालय भवनमा शिशु कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक सिकाइ केन्द्र वा वाचनालय वा स्थानीय तहको आवश्यकता अनुसारका अन्य कार्यालय वा कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

(३) समायोजन भई सञ्चालनमा नरहेका विद्यालय भएको स्थानमा भविष्यमा पुनः विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी सङ्ख्या भएमा र विद्यालय आवश्यक देखिएमा विद्यालय सञ्चालन गर्न तोकिएको प्रक्रिया पुरा गरी नियमानुसार नगरपालिकाले अनुमति दिन सक्नेछ ।

## परिच्छेद-५
## विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यदलको गठन

**११.विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यदल गठन :**

(१) विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलानका लागि नगरस्तरीय विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यदल गठन गर्न सकिनेछ ।विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यदलका पदाधिकारी देहाय बमोजिम रहनेछन् ।

क) नगरपालिका प्रमुख – संयोजक

ख) नगरपालिका उपप्रमुख – सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

घ) सामाजिक विकास समिति संयोजक – सदस्य

ङ) नेपाल शिक्षक महासंघ, नगर कार्यसमितिको अध्यक्ष वा प्रतिनिधि – सदस्य

च) नगर प्रमुखबाट मनोनित सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट एक जना र आधारभूत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट एक जना प्रधानाध्यापक समेत गरी दुई जना – सदस्य (एक जना महिला प्र.अ अनिवार्य)

छ) नगर शिक्षा अधिकारीले तोकेको सामुदायिक विद्यालयको शिक्षक एक जना – सदस्य

ज) नगर शिक्षा अधिकारी – सदस्य सचिव

(२) कार्यदलको बैठकमा आवश्यकता अनुसार नगर क्षेत्रभित्रका क्रियाशील शिक्षकको पेशागत संघ/संगठनका अध्यक्ष वा प्रतिनिधि, विषयविज्ञ कर्मचारी तथा पदाधिकारीलाई आमन्त्रित गर्न सकिनेछ ।

(३) समितिको सचिवालय नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा रहनेछ ।



कृष्णनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कृष्णनगर, कपिलवस्तु (लुम्बिनी प्रदेश, नेपाल)

प्रमुख प्रशासकीय अधिकृत

(४) समितिको सचिवालयका लागि आवश्यक पर्ने बजेट रकम तथा समितिका पदाधिकारीहरुको बैठक भत्ता लगायतका सुविधा नगरपालिकाले व्यवस्था गर्नेछ ।

**१२.विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यदलको काम, कर्तव्य र अधिकार**

**१. विद्यालय समायोजन सम्बन्धमाः**

क) विद्यालय समायोजन गर्ने आधारहरुलाई अध्ययन गरी समायोजन हुन सक्ने विद्यालयहरुको पहिचान गर्ने ।

ख) विद्यालयको वास्तविक तथ्याङ्क तथा वस्तुस्थितिका आधारमा विद्यालय समायोजन गर्न सकिने विद्यालयको सूची तयार गर्ने ।

ग) समायोजन भएका विद्यालयको भौतिक पक्षको व्यवस्थापनको विकल्पहरु पहिचान गरी नगर शिक्षा समितिमा पेश गर्ने ।

**२. दरबन्दी मिलानका सम्बन्धमाः**

क) विद्यालयको तहगत विवरण, मौजुदा शिक्षक संख्या, विद्यार्थी संख्या, दरबन्दी मिलानका लागि कायम हुने संख्या र थप दरबन्दीका लागि पुग्नु पर्ने न्यूनतम विद्यार्थी संख्या लागयत अन्य आवश्यक तथ्याङ्क तयार गर्ने।

ख) शिक्षकहरुबाट भरिएर आएका अनुसूची -१ बमोजिमको विद्यालय छनौट निवेदन विश्लेषण गर्ने र विद्यालयहरुमा तहगत तथा विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गरिने विद्यालय र शिक्षकहरुको नामावली विवरण सहित नगर शिक्षा समितिमा सिफारिस गर्ने ।तर प्रथम पटकका लागि यो खण्डमा भएको व्यवस्था लागू गर्न कार्यदल बाध्य हुने छैन ।

ग) विद्यार्थी संख्या केही मात्रामा कम भएता पनि शैक्षिक गुणस्तर सुनिश्चितता गरेका विद्यालयको हकमा सो वातावरणमा प्रतिकूल नहुने गरी दरबन्दी मिलान गरिनेछ ।

घ) यस कार्यबिधीमा भएको दरबन्दी मिलानको आधारको परिधीभित्र रही विद्यालयमा कायम रहेको मौजुदा शिक्षक दरबन्दी(तहगत र विषयगत) र शैक्षिक शत्र २०८२ विद्यार्थी संख्या एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS )मा सत्यपान गरी अनुपातीक(शिक्षकःविद्यार्थी) विवरण तयार गर्ने।

ङ) खण्ड (घ) बमोजिम शिक्षक दरबन्दी बढी भई घट हुने र कम भई थप हुने विद्यालयहरुको विवरण छुट्ट छुट्टै तयार गरी विश्लेषण गर्न।

च) यस कार्यबिधीमा उल्लेखित दरबन्दी मिलानका आधार र कार्यदलले बनाएको अन्य दरबन्दी मिलान मापदण्डको सिमाभित्र रही विषयगत र तहगत रुपमा दरबन्दी मिलान वा स्थानन्तरण तथा व्यास्थपनको प्रतिवेदन तयार गरी दरबन्दी मिलान तथा व्यावस्थापन कार्य हेतू निर्णयका लागि शिक्षा समितिमा पेश गर्ने।



प्रमुख प्रशासकीय अधिकृत

छ) कार्यदलले प्रस्तुत गरेको प्रतिवेदन उपर  नगर शिक्षा समितिले निर्णय गर्ने।

ज) नगर शिक्षा समितिले कक्षा घटुवा भई दरबन्दी कायम भएका र दरबन्दी थप भए पश्चात कायम हुन आउने विद्यालय गत (तहगत र विषयगत) शिक्षक दरबन्दी संरचना स्वीकृतीका लागि नगर कार्यपालिकामा सिफारिस गर्ने।

झ) यस कार्यदलले आवश्यक अन्य मापदण्ड आफैं तय गर्न सक्नेछ ।

## परिच्छेद–६

## भौतिक, शैक्षिक व्यबस्थापन र अनुदान सम्बन्धी व्यवस्था

**१३. विद्यालय समायोजन पछि गर्नुपर्ने भौतिक व्यवस्थापनः** (१) विद्यालय समायोजन वा गाँभिएपछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाँभिएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ ।

(२) विद्यालय समायोजन वा गभिएपछि गाँभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक  सामग्री र माल सामानको विवरण तयार गरी त्यस्ता माल सामानको सालाखाला न्यूनतम् मूल्य कायम गरी आवश्यक कारबाहीका लागि विद्यालय ब्यवस्थापन समितिले समर्थन गरेको मूल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) विद्यालय समायोजन वा गभिएपछि गाँभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन, व्यावसायिक खेती गरिएको रहेछ भने त्यसको निरन्तरताको लागि गाँभिएको विद्यालयले गाँभिने विद्यालयमा योजना सहित पेश गर्नुपर्नेछ ।

(४) अनुमति वा स्वीकृति रद्द गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्ति नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले आवश्यकता र उपयुक्तताको आधारमा गाँभिएको विद्यालय, नजिकको विद्यालय वा स्वयमं नगरपालिकाले प्रयोग गर्न पाउने छ ।

**१४. प्रोत्साहन अनुदान दिइनेः** (१) दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा समायोजन भई गाँभिएमा त्यसरी गाँभिएका विद्यालयको भौतिक एवम् शैक्षिक सुविधा व्यवस्थापनको लागि बजेटको सुनिश्चितता भएमा एक पटकको लागि प्रोत्साहन अनुदान उपलब्ध गराइने छ ।

(२) विद्यालय समायोजन वा गभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागि संघ, प्रदेश वा नगरपालिकामा भौतिक सुविधा विस्तारको शीर्षकमा आउने अनुदान वितरणमा प्राथमिकता दिइनेछ ।

**१५. विद्यालय समायोजन पछि गर्नु पर्ने शैक्षिक व्यवस्थापनः** (१) विद्यालय समायोजन पछि वा तह वा कक्षा घटाइएपछि विद्यालयमा आवश्यकता भन्दा बढी भएका शिक्षकलाई नगरपालिकाको पुल दरवन्दीमा राखी



प्रमुख प्रशासकीय अधिकृत

अर्को व्यवस्था नभए सम्मको लागि समायोजन भएकै वा गाँभिएकै विद्यालयमा कामकाज गर्न लगाउन सकिने छ ।

(२) गाँभिएको विद्यालयमा आवश्यक भन्दा बढी शिक्षक सङ्ख्या रहन गएमा नजिकैको पायक पर्ने विद्यालयहरूमा आवश्यकताका आधारमा कार्यदलको राय, नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले पदस्थापना गर्न सकिने छ।

**१६. विद्यालय समायोजन पछि गर्नुपर्ने अन्य व्यवस्थापनः**

(क) विद्यालय समायोजनपछि समायोजन भई जाने विद्यालयको कर्मचारी समेत स्वतः समायोजन भएको मानिनेछ।

(ख) समायोजन हुने विद्यालयको कर्मचारीको व्यवस्थापन अर्को व्यवस्था नहुञ्जेलसम्म गाँभिएर जाने विद्यालयमा नै करारमा व्यवस्थापन गर्न सो अनुदान कोटा नगरपालिकाको पुलमा राखिनेछ ।

## परिच्छेद–७

## विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी नगरपालिका अन्तर्गतका निकायहरूको काम तथा भूमिका

**१७. नगर कार्यपालिकाको कार्य तथा भूमिकाः** (१) विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यदल र नगर शिक्षा समितिलाई जिम्मेवारी प्रदान गर्ने ।

(२) विद्यालय समायोजन तथा दरबन्दी मिलानका लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।

(३) विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यको लागि आवश्यकता अनुसार सहजीकरण गर्ने ।

(४) नगर शिक्षा समितिबाट सिफारिस भई आएको विद्यालय समायोजन तथा दरबन्दी मिलानको पश्चात कायम हुने विद्यालय र शिक्षक दरबन्दीलाई औचित्यता र तोकिएको नियमको आधारमा भए नभएको जाँचबुझ गरी स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्देशन दिने ।

**१८. नगर शिक्षा समितिको कामः** (१) विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यक्रम कार्यान्वयनका लागि आफ्नो नगरपालिकाभित्रका विद्यालयहरूको अवस्था अध्ययन गरी विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धमा बैठक, छलफल र अन्तक्रिया कार्यक्रम सञ्चालन गरी सुझावहरु संकलन गर्ने ।

(२) विद्यालय नक्सांकनका आधारमा तोकिएका स्थानमा विद्यालय सञ्चालन गर्ने गराउने कार्यका लागि सम्वन्धित सरोकारवालाहरूको सहकार्यमा विद्यालय रहने स्थान निर्धारण गरी त्यस्तो स्थानको जग्गाको स्वामित्व विद्यालय वा नगरपालिकाको नाममा कायम गर्न नगर कार्यपालिका समक्ष सिफारिस गर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

(३) विद्यालय व्यवस्थापन समिति र सरोकारवालासँग परामर्श एवम् छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नगर शिक्षा ऐन, २०७९ तथा नियमावली २०८२ तथा यस कार्यविधिमा भएको व्यवस्था र शर्तका आधारमा कार्यदलबाट पेश हुन आए बमोजिम सरोकारवालासँग परामर्श एवम् छलफल गरी विद्यालय समायोजन र दरबन्दी मिलान गर्नेछ ।

(४) विद्यालय समायोजन र दरबन्दी मिलान पश्चात कायम हुने विद्यालयगत शिक्षक दरबन्दीलाई स्वीकृतीका लागि कार्यपालिकामा सिफारिस गर्नेछ ।

**१९. विद्यालय व्यवस्थापन समितिको कामः** (१) विद्यार्थी संख्या कम भई विद्यालय संचालन तथा व्यवस्थापनमा कठिनाई भएको विद्यालयले आफ्नो विद्यालयको सेवा क्षेत्रभित्रका बालबालिकाहरुको विद्यालय शिक्षामा सहज पहुँच सुनिश्चितताका लागि नजिकको विद्यालयमा समायोजन गर्न तथा तह वा कक्षा घटाउन कार्यदललाई आवश्यक सहयोग गर्ने ।

(२) विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यमा सहयोग गर्नु विद्यालय व्यवस्थापन समितिको दायित्व हुनेछ ।

## परिच्छेद-८

## विविध

**२०. शिक्षक स्थानान्तरण भएको स्थानमा जानुपर्नेः** (१) यस कार्यविधि बमोजिम दरबन्दी मिलान भएका शिक्षकहरु तोकिएको समय भित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनुपर्नेछ ।

(२) दरबन्दी मिलान भई जाने शिक्षकले विद्यालयबाट रमाना लिई जानुपर्नेछ ।

**२१. विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनुपर्नेः** विद्यालय समायोजन तथा दरबन्दी मिलानको सिलसिलामा दरबन्दी मिलान भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ ।

**२२. प्रधानाध्यापकको जिम्मेवारीः** विद्यालय समायोजन तथा दरबन्दी मिलानका क्रममा समायोजन भई विद्यालयमा प्राप्त भएको नगद तथा जिन्सी सामग्रीको व्यवस्थापन एवम् संरक्षण गर्ने र शिक्षक व्यवस्थापनको क्रममा स्थानान्तरण भई आएका शिक्षकलाई हाजिर गराउने र दरबन्दी मिलान भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

**२३. सहजीकरण तथा कार्यविधि संशोधनः** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या आइपरेमा नगर कार्यपालिकाले सहजीकरण गर्नेछ ।

(२) नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

**२४. कार्यविधिको व्याख्याः** यस कार्यविधिमा उल्लिखित कुनै प्रावधान वा विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या नगर कार्यपालिकाले गर्नेछ ।

**२५. बाधा अड्चन फुकाउः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय नगर कार्यपालिकाले गर्नेछ ।

**२६. बाझिएमा अमान्य हुनेः** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

(दफा१२(२) खण्ड (ख) संग सम्बन्धित)

## स्थानान्तरण निवेदनको ढाँचा

मितिः ..........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कृष्णनगर नगरपालिका, कपिलवस्तु ।

विषयः दरबन्दी मिलान सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा तहाँ कार्यालयको मिति ........................................ को विद्यालय स्थानान्तरण निवेदन सम्बन्धी सूचना अनुसार दरबन्दी मिलानको प्रकियामा मलाई तपसिल बमोजिमका विद्यालयहरुमध्ये प्राथमिकताको आधारमा स्थानान्तरण गरिदिनुहुन अनुरोध गर्दछु ।मेरो आवश्यक विवरण देहाय अनुसार रहेको वेहोरा अनुरोध छ ।

देहायः

स्थायी/अस्थायी/राहत/नगर स्वयंसेवक/नगर अनुदान शिक्षकः
सुरु नियुक्ति मितिः
हाल कार्यरत विद्यालयको नाम ठेगानाः
शैक्षिक योग्यताः
मूल विषयः
सम्पर्क नंः

तपसिलः

दरबन्दी मिलान भई जान चाहेका विद्यालयहरुः (प्राथमिकता कायम गरी बढीमा ५ वटा)

१. ..............................................................................
२. ..............................................................................
३. ..............................................................................
४. ..............................................................................
५. ..............................................................................

निवेदकः
हस्ताक्षरः
नाम थरः



प्रमुख प्रशासकीय अधिकृत